# अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सम्वन्धी बारम्बार सोधिने प्रश्नहरुको संगालो (FAQ)

सामाजिक सुरक्षा कोष
बबरमहल काठमाडौं ।

**१. यो योजनामा कसरी आबद्ध हुन सकिन्छ ?**

⇒ आवश्यक कागजातहरु सहित कोषको अनलाइन प्रणालीबाट निवेदन दिई यस योजनामा सहभागी हुन सकिन्छ ।

**२. स्वरोजगारमा रहेका व्यक्तिले निवेदन दिँदा के के कागजात संलग्न गर्नु पर्छ ?**

⇒ स्वरोजगारमा रहेका व्यक्तिहरु कोषमा आबद्ध हुन निवेदन दिँदा देहाय बमोजिम कागजात पेश गर्नु पर्दछः

(क) स्वरोजगारमा रहेको व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

(ख) स्वरोजगार सम्बन्धी पेशा वा व्यवसाय दर्ता गरेको भएमा सोको प्रमाणपत्रको प्रतिलिपि र त्यस्तो पेशा वा व्यवसाय दर्ता गरेको नभएमा पेशा वा व्यवसाय गरेको स्थानको सम्बन्धित स्थानीय तहको वडा कार्यालयले गरेको सिफारिसपत्र,

(ग) कोषमा सूचिकृत भएपछि आफूले मासिक रुपमा गर्ने योगदानको रकम,

(घ) प्यान वा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, र

(ङ) कोषले आवस्यक ठानेको अन्य विवरणहरु (भर्नु पर्ने)

**३. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकले निवेदन दिँदा के के कागजात संलग्न गर्नु पर्छ ?**

⇒ अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकले कोषमा आबद्ध हुन निवेदन दिँदा देहाय बमोजिम कागजात पेश गर्नु पर्दछः

(क) श्रमिकको नागरिकताको प्रतिलिपि,

(ख) आफूले श्रम गर्ने गरेको क्षेत्र (जस्तो कृषि, यातायात, निर्माण वा घरेलु कामदार),

(ग) स्थानीय तहको वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि प्रमाणित गरेको सिफारिसपत्र ।

**४. कोषले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको लागि कुन कुन योजना सञ्चालन गरेको छ ?**

⇒ कोषले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको लागि देहाय बमोजिम योजनाहरु सञ्चालन गरेको छ ।

(क) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना,

(ख) दुर्घटना तथा अशक्तता सुरक्षा योजना,

(ग) आश्रित परिवार सुरक्षा योजना,

(घ) वृद्ध अवस्था सुरक्षा योजना।

**५. अनौपचारिक क्षेत्रका श्रमिकले कोषमा आबद्ध भई सुविधा लिन गर्नु पर्ने योगदानको दर कति हो?**

सामाजिक सुरक्षा कोष

⇒ अनौपचारिक क्षेत्रका श्रमिकले कोषमा आबद्ध भई सुविधा लिन नेपाल सरकारले बेला बेलामा निर्धारण गर्ने औद्योगिक क्षेत्रका श्रमिकको न्यूनतम आधारभूत पारिश्रमिक (हाल रु.९३८५) को एघार प्रतिशत (११%) रकम र सरकारबाट थप गरिएको नौ दशमलव तेत्तीस प्रतिशत (९.३३%) रकम थप गरी कुल बीस दशमलव तेत्तिस प्रतिशत (२०.३३%) रकम कोषमा जम्मा गर्नु पर्छ।

**६. नेपाल सरकारको तर्फबाट योगदान नभएमा के हुन्छ ?**

⇒ योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम ४ को उपनियम (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले योगदान नगरी दिने अवस्थामा योगदानकर्ता आफैले सबै रकम जम्मा गरी सहभागी हुनु पर्ने छ।

**७. अनौपचारिक क्षेत्रका श्रमिकले कोषमा जम्मा गरेको रकम फिर्ता हुन्छ की हुदैन ?**

⇒ कोषमा जम्मा गरेको रकम मध्ये १०% रकम (जम्मा गरेको न्युनतम रकमको ४९.१८%) वृद्धववस्था सुरक्षा योजनामा जम्मा हुन्छ जुन सम्वन्धीत योगदानकर्ताले प्रतिफल सहित फिर्ता पाउँछ भने बाँकी रकम अन्य सुविधाको भुक्तानीको लागी खर्च गरिन्छ।

**८. स्वरोजगार श्रमिकले कोषमा आवद्ध भई सुविधा लिन गर्नु पर्ने योगदानको दर कति हो ?**

⇒ स्वरोजगार श्रमिककोषमा आवद्ध भई सुविधा लिन नेपाल सरकारले बेला बेलामा निर्धारण गर्ने औद्योगिक क्षेत्रका श्रमिकको न्यूनतम आधारभूत पारिश्रमिक (हाल रु.९३८५) को एकतिस प्रतिशत (३१%) वा बढिमा सो रकमको तीन गुणा (हाल रु.२८१५५) सम्म रकम कोषमा जम्मा गर्नु पर्छ।

**९. स्वरोजगार श्रमिकले कोषमा जम्मा गरेको रकम फिर्ता हुन्छ की हुदैन ?**

⇒ कोषमा जम्मा गरेको रकम मध्ये २८.३३% रकम (जम्मा गरेको न्युनतम रकमको ९१.३८%) वृद्धावस्था सुरक्षा योजनामा जम्मा हुन्छ जुन सम्वन्धीत योगदानकर्ताले प्रतिफल सहित फिर्ता पाउँछ भने बाँकी रकम अन्य सुविधाको भुक्तानीको लागी खर्च गरिन्छ।

**१०.बीमा बमोजिमको सामाजिक सुरक्षा योजनाको सुविधा (वृद्धावस्था सुरक्षा वाहेक) प्राप्त गर्नको लागि कति समयको योगदान हुन पर्दछ ?**

⇒ बीमा सम्वन्धी सुविधा प्राप्त गर्न अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले घटना घटेको भन्दा अघिको वाह्र महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनु पर्दछ ।

**११.वृद्धावस्था पेन्सन कस्तो अवस्थामा प्राप्त हुन्छ ?**

⇒ उमेर साठी वर्ष पूरा भएको र कम्तीमा एकसय असी महिना योगदान गरेको अवस्थामा वृद्धावस्था पेन्सन प्राप्त हुन्छ।

**१२.पेन्सन नपाउने भएमा जम्मा गरेको रकम के हुन्छ ?**

⇒ पेन्सन नपाउने अवस्था रहेमा वृद्धावस्था सुरक्षा  योजनामा रहेको रकम ६० वर्षको उमेरपछि प्रतिफल सहित फिर्ता हुन्छ ।

**१३.बीमा अन्तर्गतका सुविधाहरु के के छन ?**

⇒ बीमा अन्तर्गत देहाय बमोजिम सुविधाहरु रहेका छन ।

- ♥ योगदानकर्तालाई अस्पतालमा भर्ना भई उपचार गराउनुपर्ने भएमा एक आ. व. मा रु १ लाख सम्म औषधीउपचार खर्च ।
- ♥ भर्ना नभइ उपचार गराउनु पर्ने भएमा चिकित्सकको प्रेस्क्रिप्सन बमोजिम वार्षिक रुपमा बढीमा पच्चीस हजार रुपैयाँसम्म औषधी उपचार खर्च ।
- ♥ महिला योगदानकर्ता वा पुरुष योगदानकर्ताको पत्नी प्रसूति भएको अवस्थामा शिशु स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक बराबरको रकम ।
- ♥ महिला योगदानकर्ताको हकमा प्रसूति सुविधा बापत अन्ठानब्बे दिन बराबरको मासिक न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशतले हुने रकम ।
- ♥ दुर्घटनामा परी अस्पतालमा उपचार गर्दा लागेको उपचार खर्चको अधिकतम सात लाख रुपैयाँ उपचार खर्च । दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षमता भएमा न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज काममा फर्कन सक्ने अवस्था नभएसम्म भुक्तानी ।
- ♥ दुर्घटनाको कारण स्थायी पूर्ण असक्षमता भएमा न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत सम्म रकम मासिक रुपमा निज जीवित रहुञ्जेल अशक्तता पेन्सन ।
- ♥ जुनसुकै कारणबाट योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले न्यूनतम आधारभूत पारिश्रमिकको र स्वरोजगार श्रमिकको लागि औषत पारिश्रमिकको चालिस प्रतिशतको दरले निजलाई जीवनभर निवृत्तभरण ।
- ♥ अठार वर्ष उमेर पूरा नभएको सन्ततिले सो उमेर पूरा नभएसम्म मासिक रुपमा शैक्षिकवृत्ति वापत न्यूनतम आधारभूत पारिश्रमिकको चालीस प्रतिशत रकम ।
- ♥ योगदानरत योगदानकर्ताको मृत्यु भएमा अन्तिम संस्कारको लागि पच्चिस हजार रुपैयाँ एकमुष्ठ ।

**१४.निवृत्तभरण कति र कसरी पाइन्छ ?**

⇒ योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई एकसय साठीले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण दिइन्छ ।

सामाजिक सुरक्षा कोष

१५. **स्वरोजगारको लागि औषत आधारभूत पारिश्रमिक किटान कसरी गरिन्छ ?**

⟹ कुल जम्मा भएको महिनाको निजको आधारभूत पारिश्रमिकको औषत

१६. **ऋण तथा सापटी सम्वन्धी के व्यवस्था छ ?**

⟹ यस कार्यविधि अनुसार योगदान गर्ने योगदानकर्ताको भौतिक र मानविय पुंजी निर्माणमा सहयोग हुने गरी सञ्चालक समितिले ऋण तथा सापटी सुविधाको व्यवस्था गर्ने छ।

**१७.अग्रिम रुपमा रकम जम्मा गर्न सकिन्छ की सकिदैन ?**

⟹ योगदानकर्ताले गर्नु पर्ने योगदान अग्रिम रुपमा जम्मा गर्न सक्ने छन्।

१८.**योगदान अग्रिम गरी छुट प्राप्त गर्न सकिन्छ की सकिदैन ?**

⟹ यस योजनामा सहभागी योगदानकर्ताले देहाय बमोजिमको छुट प्राप्त गर्न सक्नेछन्:

छ महिना भन्दा बढि अवधिको रकम अग्रिम रुपमा कोषमा जम्मा गरेमा १० प्रतिशतमा नबढ्ने गरी सञ्चालक समितिले निर्धारण गरे बमोजिमको रकम छुट दिन सकिनेछ।

**१९.दाबी नगरेकोमा छुट पाइन्छ की पाइदैन ?**

⟹ औषधी उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा योजना बमोजिम प्रदान गर्ने सुविधाहरुमा लगातार तीन वर्ष सम्म दाबी नगर्ने योगदानकर्ताले निवृत्तभरण योजनामा समावेश हुने गरी निवेदन दिएमा त्यस्ता योजनामा जम्मा भएको रकमको २० प्रतिशतमा नबढ्ने गरी सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुन आउने छुट रकम निवृत्तभरण योजनामा हस्तान्तरण गर्न सकिने छ।

२०.**यो योजना कहिलेबाट लागु हुन्छ ?**

⟹ यो योजना २०८० वैशाख १ गतेदेखि लागू हुन्छ।

**२१.अन्य जानकारी चाहिएमा कसरी सम्पर्क गर्न सकिन्छ ?**

⟹ कोषको हट लाइन नम्वर ११११६ मा निशुल्क रुपमा फोन गरी वा कोषको आधिकारिक Facebook page / Twitter /Viber/ website/ सुचना अधिकारी/ प्रवक्ता/ गुनासो सुन्ने अधिकारी मार्फत विभिन्न जानकारी लिन सकिन्छ।

सामाजिक सुरक्षा कोष